( सूचनाको हक सम्बन्धी ऐन-२०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको )



# २०८१ साल बैशाख १ गते देखि २०८१ साल असार मसान्त सम्म सम्पादित प्रमुख क्रियाकलापहरु

(स्वतः प्रकाशन)

स्थानीय सरकार

खैरहनी नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

खैरहनी, चितवन, बागमती प्रदेश, नेपाल

फोनः०५६-५८३७०९, इमेलः-info@khairahanimun.gov.np

## १. निकायको स्वरुप र प्रकृति

**खैरहनी नगरपालिकाको संक्षिप्त परिचय :**

बागमती प्रदेश अन्तर्गत पर्ने खैरहनी नगरपालिका चितवन जिल्लाको सदरमुकाम भरतपुरबाट करिब २२ कि.मी. पूर्वमा अवस्थित छ । नेपाल सरकारको मिति २०७१/०१/२५ को निर्णयानुसार गठन भएको चितवन जिल्लाको चैनपुर, खैरहनी र कुमरोज गरी तीन वटा गाउँ विकास समिति समावेश भई यस नगरपालिका गठन भएको हो । नेपाल सरकारको मिति २०७२/०६/०१ को निर्णय अनुसार कठार गाउँ विकास समिति समेत यस नगरपालिकामा समावेश भए पछि साविकका चार गाँउ विकास समितिहरुको संयुक्त रुप नै खैरहनी नगरपालिका हो । शुरुमा सानो ग्रामीण बजारको अवधारणाबाट अगाडी आएको यो पूर्व पश्चिम राजमार्गको निर्माण पश्चात द्रुत गतिमा शहरीकरण भै रहेको छ । यस नगरको प्रमुख बजारको रुपमा पर्सा बजारलाई लिन सकिन्छ । यो बजार खास गरी चैनपुर, भण्डारा, कठार, कुमरोज, विरेन्द्रनगर, पिठुवा तथा अन्य नजिकका बस्तीहरुको प्रमुख व्यापारिक केन्द्र पनि हो । खैरहनी नगरपालिका नामाकरण कसरी भयो भन्ने सम्बन्धमा विविध खाले किम्बदन्तीहरु पाइन्छ । प्राचिन कालमा सो क्षेत्रमा प्रसस्त खयर घारीले भरिएकाले तत्काल खयरघारीको नामले परिचित रहेको खयरघारी शब्द अपभ्रंस भई खैरहनी भएको भन्ने भनाई रहेको छ । सोही नामबाट खैरहनी गाँउ विकास समितिको नामाकरण भई सो खैरहनी गाउँ विकास समिति समेत गरी नगरपालिका गठन भएकोले यस नगरपालिकाको नाम खैरहनी नगरपालिका नामाकरण भएको हो ।


**भौगोलिक अवस्थिति, सिमाना एवम् प्रशासनिक विभाजन :**

समुद्री सतह देखि करिब १९० मी. उचाईमा रहेको यस नगरपालिकालाई पूर्व पश्चिम राजमार्गले उत्तर र दक्षिण दुई भागमा बरावरी बाँडिएको छ । यस नगरपालिकाले उत्तरमा कालिका नगरपालिका, पूर्वमा राप्ती नगरपालिका र पश्चिममा रत्ननगर नगरपालिका छ भने दक्षिणमा चितवन राष्ट्रिय निकुञ्ज अवस्थित छ । दक्षिण तर्फ प्राकृतिक सिमानाको रुपमा बुढी राप्ती नदीले खैरहनीलाई छुट्याएको छ ।

नियमित रुपमा राप्ती नदी र यसका शाखा नदीहरुले बगाएर ल्याएका कृषि योग्य मलिलो माटोको कारण यो क्षेत्र कृषिको लागि निकै उपयुक्त छ । राजनैतिक आधारमा यस नगरलाई १३ वटा वडाहरुमा विभाजन गरी स्थानीय जनताहरुलाई प्रशासनिक सेवा सूविधा पुर्याउदै आएको यस नगरपालिकाले ८५.५७ वर्ग कि.मी. क्षेत्रफल ओगटेको छ । निर्वाचन क्षेत्रको हिसावले प्रतिनीधि सभाको लागि चितवन जिल्लामा तिन वटा निर्वाचन क्षेत्र कायम गरीएकोमा खैरहनी नगरपालिका १ नम्बर निर्वाचन क्षेत्रमा पर्दछ । त्यस्तै गरी प्रतिनीधि सभाको क्षेत्र नं. १ मा प्रदेश सभाको लागि कायम भएका २ निर्वाचन क्षेत्र मध्ये यो नगरपालिका दुवै निर्वाचन क्षेत्रमा परेको छ । जस अुनसार प्रदेश सभा निर्वाचन क्षेत्र नं. १(क) अन्तर्गत वडा नं. ३, ६, ७, ८, ९, १० र ११ गरी ७ वटा वडा पर्दछन् भने १(ख) अन्गर्तत वडा नं. १, २, ४, ५, १२ र १३ गरी ६ वटा वडा पर्दछन् । वि.सं. २०७८ सालको जनगणना अनुसार यस नगरपालिकाको जनसंख्या ६७३८५ रहेको छ । जसमा ३५०५३ महिला र ३२३३२ जना पुरुष रहेकाछन् ।

| क्र.सं. | साविक गाविसका वडाहरु | साविक न.पा.का वडाहरु | हाल कायम भएका वडाहरु | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी) |
|---|---|---|---|---|---|
| १ | चैनपुर १ र २ | १ | १ | ६६५५ | ४.०१ |
| २ | चैनपुर ३ र ७ | २ | २ | ६१२८ | ८.५८ |
| ३ | चैनपुर ४, ५ र ६ | ३ | ३ | ४५२० | ९.८७ |
| ४ | चैनपुर ८ र ९ | ४ | ४ | ४३८८ | ७.१२ |
| ५ | खैरहनी ८ र ९ | ५ | ५ | ३०१७ | ४.४८ |
| ६ | खैरहनी ६ र ७ | ६ | ६ | ५९४३ | २.१७ |
| ७ | खैरहनी ३ र ५ | ७ | ७ | ३४८१ | ४.०८ |
| ८ | खैरहनी ४ | ८ | ८ | ७४४६ | १.१९ |
| ९ | खैरहनी १ र २ | ९ | ९ | ५८०२ | ५.८५ |
| १० | कठार १,२,३,४,५,६ र ७ | १४ र १५ | १० | ७४६४ | १०.६२ |
| ११ | कठार ८ र ९ | १६ | ११ | ३३९१ | ६.३६ |
| १२ | कुमरोज ५,६,७,८ र ९ | १० र ११ | १२ | ४२३० | १०.१६ |
| १३ | कुमरोज १,२,३ र ४ | १२ र १३ | १३ | ४९२० | ११.०८ |
| | **जम्मा** | | | **६७३८५** | **१००** |

**खैरहनी नगरपालिकाको नक्शा :**



## २. निकायको काम, कर्तव्य र अधिकार

यस खैरहनी नगरपालिका नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची, स्थानीय सरकार संचालन ऐन, २०७४, संघ र वागमती प्रदेश कानुन बमोजिम स्थानिय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा अन्य कानुनी प्रबन्धहरु, समय समयमा जारी हुने परिपत्रहरु एवं नगरपालिकाको स्थानीय कानुनहरु (ऐन, नियमावली, कार्यविधी, निर्देशिका, मापदण्ड, मार्गदर्शन) र निर्णयहरु समेतले तोकेबमोजिमको काम, कर्तव्य र अधिकार निर्दिष्ट छ।

## ३. निकायमा रहने कर्मचारीको विवरण

**खैरहनी नगरपालिकामा कार्यरत कर्मचारीहरुको सम्पर्क विवरण :**

| क्र.स. | नाम,थर | पद | सम्पर्क |
|---|---|---|---|
| १ | विष्णु प्र. सापकोटा | प्रमुख प्रशासकीय अधिकृत | ९८५५०१५१११ |
| २ | राजु बानियाँ | उप–सचिव (शिक्षा) | ९८५५०५४०४२ |
| ३ | रुद्र कुमार श्रेष्ठ | पशु विकास अधिकृत | ९८४५११४७६७ |
| ४ | गोपाल तिवारी | लेखा अधिकृत | ९८४१८९३१११ |
| ५ | सन्दिप ओझा | ईन्जिनियर (अधिकृतस्तर सातौं) | ९८४५६५५६९६ |
| ६ | शिव प्रसाद शर्मा | ईन्जिनियर | ९८५५०४६१९५ |
| ७ | शिव प्रसाद पौडेल | प्रशासकीय अधिकृत (अधिकृतस्तर सातौं) | ९८५५०८२५८३ |
| ८ | रविन्द्र प्रसाद देवकोटा | विद्यालय निरीक्षक (अधिकृतस्तर सातौं) | ९८५५००१०३० |
| ९ | नविनराज रुवाली | प्रशासकीय अधिकृत (अधिकृतस्तर सातौं) | ९८४५१३९७७८ |
| १० | आशिष पौडेल | वातावरण ईन्जिनियर (अधिकृतस्तर सातौं) | ९८४३२६२०९९ |
| ११ | दामोदर अधिकारी | प्रशासकीय अधिकृत (अधिकृतस्तर छैठौं) | ९८४५०५०६७१ |
| १२ | कृष्ण कुमारी गुरुङ | अधिकृतस्तर छैठौं | ९८४५०५३१०३ |
| १३ | कुल प्रसाद भुसाल | अधिकृतस्तर छैठौं | ९८४५०४३२१२ |
| १४ | टेक बहादुर ओली | सहायक पशु विकास अधिकृत | ९८४४८५३३९८ |
| १५ | रमेश पौडेल | रोजगार संयोजक | ९८४५२१८०४० |
| १६ | योगेश चापागाई | ईन्जिनियर | ९८६१३१३४६५ |
| १७ | डा. निशान अर्याल | पशु चिकित्सक (अधिकृतस्तर छैठौं) | ९८६७९५३४५२ |
| १८ | गौरव न्यौपाने | कृषि विकास अधिकृत (अधिकृतस्तर छैठौं) | ९८४९९५५१५१ |
| १९ | ध्रुव आचार्य | प्राविधिक सहायक (कृषि विकास) | ९८४१८१४४२१ |
| २० | मागर महतो | सहायक पाचौं | ९८४५६५२४२८ |
| २१ | पुष्पराज दुवाडी | प्राविधिक सहायक | ९८४१७१६१०३ |
| २२ | तिर्थराज खनाल | सहायक पाचौं | ९८४८८१४३२८ |
| २३ | सुभाष कुँवर | सहायक पाचौं | ९८४७१०५२३८ |
| २४ | संजय सापकोटा | सहायक पाचौं | ९८४५५४३७७८ |
| २५ | तेज विक्रम वली | पशु सेवा प्राविधिक (सहायकस्तर पाचौं) | ९८६४७२०५४५ |
| २६ | कर्ण बहादुर थापा | सब–ईन्जिनियर | ९८४५०७९१७३ |
| २७ | लक्ष्मी घिमिरे | लेखापाल | ९८५५०८१६७७ |
| २८ | छन्नु प्रसाद चौधरी | सहायक पाचौं | ९८४५०४९७४८ |
| २९ | होमनाथ पहाडी | सहायक पाचौं | ९८६५०७७४५० |
| ३० | नित्या दाहाल | सहायक पाचौ (प्राविधिक) | ९८४५१०५४९७ |
| ३१ | राकेश कुमार साह | प्राविधिक सहायक पाचौं | ९८४१२०१०८५ |

| क्र.स. | नाम,थर | पद | सम्पर्क |
|---|---|---|---|
| ३२ | किरण ढकाल | सब ईन्जिनियर | ९८४६४५९५८५ |
| ३३ | प्रेम बहादुर सिलवाल | कम्प्युटर अपरेटर | ९८६१८७११८९ |
| ३४ | बसन्त ज्ञवाली | सहायक पाचौं | ९८४७४३१३०८ |
| ३५ | संजय श्रेष्ठ | सहायक पाचौं | ९८४२१७१०९४ |
| ३६ | बासुदेव खरेल | सहायक पाचौं | ९८४९०२९७९५ |
| ३७ | गंगा कुमारी सुवेदी | सहायकस्तर पाचौं | ९८४५४८००८४ |
| ३८ | मनोज सुवेदी | लेखापाल (सहायक पाचौं) | ९८४५२७२१४६ |
| ३९ | निर्चना चापागाई | पशु सेवा प्राविधिक पाचौं | ९८४५७८३६०३ |
| ४० | मुकेश यादव | पशु स्वास्थ्य प्राविधिक पाचौं | ९८६१०११८५१ |
| ४१ | सुस्मिता ढकाल | सब–ईन्जिनियर | ९८६७०४६२३३ |
| ४२ | यमुना सापकोटा | प्राविधिक सहायक पाचौं | ९८५११५१०७३ |
| ४३ | सन्दिप थापा मगर | सर्भेक्षक | ९८४१११६०४ |
| ४४ | सुमा चौधरी | एम.आई.एस.अपरेटर पाचौं | ९८४९१२११२६ |
| ४५ | मिलन दराई | सब–ईन्जिनियर | ९८६७२२६५५८ |
| ४६ | अनिल देबकोटा | सब–ईन्जिनियर | ९८४५४४३४४९ |
| ४७ | शान्ति कुमारी दाहाल | बरिष्ठ उ.वि.सहजकर्ता | ९८४८१३८६७४ |
| ४८ | संजय कुमार चौधरी | कानूनी सहजकर्ता | ९८४५०६५६४५ |
| ४९ | पूर्ण माया रायमाझी | एम.आई.एस. अपरेटर (सहायक पाचौं) | ९८४५५०५६१८ |
| ५० | दिनेश भुसाल | रोजगार सहायक पाचौं | ९८४५८१९९२६ |
| ५१ | सुजन पौडेल | सब ओभरसियर | ९८४०५४४१३३ |
| ५२ | एलिना भुजेल | अ. सब–ईन्जिनियर | ९८६४६८२४३२ |
| ५३ | दिपक चौधरी | अ. सब–ईन्जिनियर | ९८४१७४७३१८ |
| ५४ | सरिता शर्मा | सहायकस्तर चौथो | ९८४५५९७८६५ |
| ५५ | रमेश भुषाल | सहायक चौथो | ९८४७७७३०८७ |
| ५६ | देवी अधिकारी | स.म.वि. निरिक्षक (सहायक चौथो) | ९८४९०८९८३२ |
| ५७ | जुना शर्मा | सहायक चौथो | ९८४५९२३०६० |
| ५८ | ज्योति शर्मा | सहायक चौथो | ९८४२४४९४४७ |
| ५९ | गिता राई | सहायक चौथो | ९८६७८७२८७६ |
| ६० | सिता शिवाकोटी | सहायक चौथो | ९८४५०८९६७८ |
| ६१ | लिला रावल | सहायक चौथो | ९८४५४८०००४ |
| ६२ | केशरी माया पाठक | सहायक चौथो | ९८६५२४९१६० |
| ६३ | रन्जना नेपाल उप्रेती | सहायक चौथो | ९८४८२६८६१२ |

| क्र.स. | नाम,थर | पद | सम्पर्क |
|---|---|---|---|
| ६४ | कृष्ण प्रसाद पराजुली | सहायक चौथो | ९८४५०८५२८२ |
| ६५ | आतिस चौधरी | फिल्ड सहायक | ९८४५२३९३३७ |
| ६६ | मनिष पौडेल | ल्याब टेक्निसियन | ९८४५९५६१३६ |
| ६७ | सन्देश चौधरी | कम्प्युटर टेक्निसियन | ९८४५६९४५८३ |
| ६८ | दिलिप कुमार चौधरी | अ. सब–ईन्जिनियर | ९८०५९२९८९७ |
| ६९ | दिपेन्द्र प्रसाद मण्डल | अ. सब–ईन्जिनियर | ९८४५१९१८२४ |
| ७० | अबिनाश चौधरी | सहायक कम्प्युटर अपरेटर | ९८४५५२३११९ |
| ७१ | रोहिता चौधरी | सहायक कम्प्युटर अपरेटर | ९८४५८६५३३७ |
| ७२ | निशान्त न्यौपाने | सहायक कम्प्युटर अपरेटर | ९८६३०५०१४६ |
| ७३ | बासुदेव भुसाल | सहायक कम्प्युटर अपरेटर | ९८४९९६०९२१ |
| ७४ | तोयनाथ अधिकारी | हलुका सवारी चालक (प्रा.) | ९८५५०८१३३३ |
| ७५ | प्रकाश बहादुर श्रेष्ठ | हेभी सवारी चालक | ९८०६८२००४० |
| ७६ | भिष्म महत्तो | हलुका सवारी चालक | ९८४५८१९९३५ |
| ७७ | खेम नारायण श्रेष्ठ | दमकल चालक | ९८५५०८२६५० |
| ७८ | श्रीराम चौधरी | दमकल चालक | ९८६५३७७१०५ |
| ७९ | नवराज रिजाल | दमकल चालक | ९८६५३५०१४७ |
| ८० | सुवास तिवारी | दमकल चालक | ९८६९०४३२४६ |
| ८१ | मिन बहादुर पाण्डे | हलुका सवारी चालक | ९८६५०७५५४१ |
| ८२ | एकराज महतो | ट्याक्टर चालक | ९८६५२३५६८४ |
| ८३ | कमल प्रसाद ढुंगेल | नगर प्रहरी हवल्दार | ९८६०४१८९४० |
| ८४ | टिका नारायण श्रेष्ठ | नगर प्रहरी | ९८४५८१३९६४ |
| ८५ | हेमकला महतो | नगर प्रहरी | ९८४५३२१०९३ |
| ८६ | जीवन महतो | नगर प्रहरी | ९८६५२५४५४१ |
| ८७ | बालकृष्ण चौधरी | नगर प्रहरी | ९८४५१९९५७८ |
| ८८ | भिमसेन अधिकारी | नगर प्रहरी | ९८४१९२८४०६ |
| ८९ | सिता कुमारी चौधरी | नगर प्रहरी | ९८११८९३७९७ |
| ९० | एक बहादुर पौडेल | कार्यालय सहयोगी | ९८४५०६८४६१ |
| ९१ | टेक बहादुर भण्डारी | कार्यालय सहयोगी | ९८४५८३७२९७ |
| ९२ | निर्मला घिमिरे | कार्यालय सहयोगी | ९८४५४४१३४५ |
| ९३ | लक्ष्मी अर्याल | कार्यालय सहयोगी | ९८४५५६५२१६ |
| ९४ | भगवती अर्याल | कार्यालय सहयोगी | ९८६५४०१०७० |
| ९५ | विष्णु प्रसाद अर्याल | कार्यालय सहयोगी | ९८४४२०८५२६ |

| क्र.स. | नाम,थर | पद | सम्पर्क |
|---|---|---|---|
| ९६ | सुमित्रा चौलागाई | कार्यालय सहयोगी | ९८६३३७२३७८ |
| ९७ | गोमा चौलागाई डोटेल | कार्यालय सहयोगी | ९८४५२८८३८६ |
| ९८ | सुस्मा चौधरी | कार्यालय सहयोगी | ९८६५४२३५८२ |
| ९९ | सुकमाया तामाङ | कार्यालय सहयोगी | ९८४६८७२८८७ |
| १०० | मोनिका चौधरी | कार्यालय सहयोगी | ९८४५३४४४८२ |
| १०१ | अप्सरा पोखरेल | कार्यालय सहयोगी | ९७४९८४९२३८ |
| १०२ | गिता कंडेल | कार्यालय सहयोगी | ९८४५०७७२८७ |
| १०३ | सर्मिला सिलवाल | कार्यालय सहयोगी | ९८४९०७८०९० |
| १०४ | सुदिप चौधरी | कार्यालय सहयोगी | ९८४५०४३६९७ |
| १०५ | सन्तोष अर्याल | कार्यालय सहयोगी | ९८६५१५३६८४ |
| १०६ | सृजना कट्टेल | कार्यालय सहयोगी | ९८४५२७३८९० |
| १०७ | सम्झना बस्नेत | कार्यालय सहयोगी | ९८४५१५११९६ |
| १०८ | हिमा थापा | कार्यालय सहयोगी | ९८४५०५२०३३ |
| १०९ | संविधान प्रजा | कार्यालय सहयोगी | ९७६५९३५०७३ |
| ११० | सुभद्रा पन्त | सरसफाईकर्मी | ९८१५२१२२६९ |
| १११ | राम प्रसाद उपाध्याय | माली | ९६१७०४२९२ |
| ११२ | राजाराम रैला | सुरक्षागार्ड | ९७६४२४४८३४ |
| ११३ | गान्धी कुमारी | सरसफाईकर्मी | ९८२४४७९०५५ |

## स्वास्थ्य शाखा अन्तर्गत कार्यरत कर्मचारीहरूको सम्पर्क विवरण

| क्र.स. | नाम,थर | पद | तह | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | डा गौरब घिमिरे | मेडिकल अधिकृत | अधिकृत आठौं | ९८४५४४७३३३ |
| २ | डा धुर्व किरण पाठक | मेडिकल अधिकृत | अधिकृत आठौं | ९८१३३७०९२२ |
| ३ | डा. अटल विलास घिमिरे | मेडिकल अधिकृत | अधिकृत आठौं | ९८४३६६७९४२ |
| ४ | डा. आयुष्मा रायमाझी | मेडिकल अधिकृत | अधिकृत आठौं | ९८४५४३६६८३ |
| ५ | डा. प्रविण कुमार बम | मेडिकल अधिकृत | अधिकृत आठौं | ९८६१५३८४६८ |
| ६ | डा. अमृत भुषाल | मेडिकल अधिकृत | अधिकृत आठौं | ९८४५८६४९८० |
| ७ | भोजराज खनाल | जनस्वास्थ्य अधिकृत | अधिकृत सातौं | ९८५५०६६६१९ |
| ८ | निर्मल घिमिरे | जनस्वास्थ्य निरिक्षक | अधिकृत छैठौं | ९८४५१४००३१ |
| ९ | बिनिता पौड्याल | अस्पताल नर्सिंग निरिक्षक | अधिकृत छैठौं | ९८६९४०७२०० |
| १० | ईमामुदिन मियाँ | जनस्वास्थ्य निरिक्षक | अधिकृत छैठौं | ९८६५२३९५३९ |
| ११ | नविन अधिकारी | जनस्वास्थ्य निरिक्षक | अधिकृत छैठौं | ९८४५५४३९०० |
| १२ | धन बहादुर गुरुङ्ग | जनस्वास्थ्य निरिक्षक | अधिकृत छैठौं | ९८४५९०१०११ |
| १३ | अनुज मिश्र | जनस्वास्थ्य निरिक्षक | अधिकृत छैठौं | ९८४५३५८४५७ |
| १४ | टेकनाथ बसेल | जनस्वास्थ्य निरिक्षक | अधिकृत छैठौं | ९८५५०६५३४८ |
| १५ | नबिन पराजुली | जनस्वास्थ्य निरिक्षक | अधिकृत छैठौं | ९८४५३३३९७९ |
| १६ | रुद्र प्रसाद शर्मा | सि.अ.हे.ब अधिकृत | अधिकृत छैठौं | ९८४५०७८१६४ |
| १७ | पिताम्बर पन्त | सि.अ.हे.व अधिकृत | अधिकृत छैठौं | ९८५५०४६१७१ |
| १८ | रमेश अधिकारी | सि.अ.हे.व अधिकृत | अधिकृत छैठौं | ९८४५३२१४५३ |
| १९ | लक्ष्मी शर्मा | सि.अ.हे.व अधिकृत | अधिकृत छैठौं | ९८४५०४३२९८ |
| २० | चुडामणि काफ्ले | सि.अ.हे.ब अधिकृत | अधिकृत छैठौं | ९८४१००६१५२ |
| २१ | पुजा गिरी | सि.अ.न.मि निरिक्षक | अधिकृत छैठौं | ९८४५०३४५०६ |
| २२ | गीता कोइराला | सि.अ.न.मि निरिक्षक | अधिकृत छैठौं | ९८४५०२६०५८ |
| २३ | नमुना थापा | सि.अ.न.मि निरिक्षक | अधिकृत छैठौं | ९८४५०६३०५९ |
| २४ | कल्पना भण्डारी | सि.अ.हे.व अधिकृत | अधिकृत छैठौं | ९८४२९३४३२१ |
| २५ | सरिता जोशी | सि.अ.न.मि निरिक्षक | अधिकृत छैठौं | ९८४५१४०३८५ |
| २६ | घनश्याम तिमिल्सिना | ल्याब टेक्नोलोजिष्ट | अधिकृत छैठौं | ९८५५०४६८५२ |
| २७ | नरेश पाण्डे | फार्मेसी अधिकृत | अधिकृत छैठौं | ९८४५७८३०४५ |
| २८ | रक्षा गुरुङ्ग | क्षयरोग मुक्त अभियान संयोजक | अधिकृत छैठौं | ९८४८४६९०६० |
| २९ | अजिना श्रेष्ठ | सि.अ.हे.व | सहायक पाचौं | ९८४६७२२९९८ |
| ३० | दुर्गा निरौला | सि.अ.न.मि | सहायक पाचौं | ९८४५२४३०८३ |
| ३१ | पविता गुरुङ | सि.अ.न.मि | सहायक पाचौं | ९८६५००२८४३ |

| क्र.स. | नाम,थर | पद | तह | सम्पर्क नं. |
|---|---|---|---|---|
| ३२ | नमुना राना मगर | सि.अ.न.मि | सहायक पाचौँ | ९८४६१४२२७३ |
| ३३ | सावित्री भण्डारी | सि.अ.न.मि | सहायक पाचौँ | ९८६५०३१८८७ |
| ३४ | कुसुम दराई | सि.अ.न.मि | सहायक पाचौँ | ९८४५६६२३१७ |
| ३५ | यसोदा सापकोटा | सि.अ.न.मि | सहायक पाचौँ | ९८४५३२०६७८ |
| ३६ | सन्तोषी अधिकारी | सि.अ.न.मि | सहायक पाचौँ | ९८४५३५६९७७ |
| ३७ | बुद्धिमाया दराई | सि.अ.न.मि | सहायक पाचौँ | ९८४५३५७३१० |
| ३८ | सुलोचना वि.क | बरिष्ठ ल्या.अ | सहायक पाचौँ | ९८६७१६१२४२ |
| ३९ | मञ्जु कुमारी महतो | सि.अ.हे.व | सहायक पाचौँ | ९८४५३२३९८६ |
| ४० | रंजित थापा मगर | सि.अ.हे.व | सहायक पाचौँ | ९८४५७१७६५४ |
| ४१ | रोशनी महतो | सि.अ.न.मि | सहायक चौथो | ९८४५०७३६३१ |
| ४२ | दुर्गा मिधुन | सि.अ.हे.व | सहायक पाचौँ | ९८४७२३११९२ |
| ४३ | सुनिल ढकाल | सि.अ.हे.व | सहायक पाचौँ | ९८४५८१५०७१ |
| ४४ | अमृत चौधरी | हेल्थ असिस्टेन्ट | सहायक पाचौँ | ९८४५९४७०५२ |
| ४५ | वर्षा बस्नेत | स्टाफ नर्स | सहायक पाचौँ | ९८४८१८०७२६ |
| ४६ | एन्जिला पुन | स्टाफ नर्स | सहायक पाचौँ | ९८४५७७२९१६ |
| ४७ | निर्मला चौधरी | ल्याब टेक्निसियन | सहायक पाचौँ | ९८४५६१६२१५ |
| ४८ | भिष्म चौधरी | ल्याब टेक्निसियन | सहायक पाचौँ | ९८६५१८७७६७ |
| ४९ | कविराज तिवारी | ल्याब टेक्निसियन | सहायक पाचौँ | ९८५५०८२४८० |
| ५० | सुनिता पाठक ढकाल | ल्याब टेक्निसियन | सहायक पाचौँ | ९८४५३३०६११ |
| ५१ | कला गौतम | फार्मेसी सहायक | सहायक पाचौँ | ९८११८०१४२६ |
| ५२ | अप्सरा धरेल | फार्मेसी सहायक | सहायक पाचौँ | ९८६०६८३९१६ |
| ५३ | सुसन राई | रेडियोग्राफर | सहायक पाचौँ | ९८६५५२३५२८ |
| ५४ | सोममाया गुरङ्ग | स्टाफ नर्स | सहायक पाचौँ | ९८२१८५२३११ |
| ५५ | आशिका भुषाल | स्टाफ नर्स | सहायक पाचौँ | ९८४३८१५३५९ |
| ५६ | लक्ष्मी शर्मा | अ.न.मि. | सहायक चौथो | ९८४५३७२१०१ |
| ५७ | विन्दा लामिछाने | अ.न.मि. | सहायक चौथो | ९८६२३६६६२३ |
| ५८ | शर्मिला चौधरी | अ.हे.व. | सहायक चौथो | ९८४४३१०२९९ |
| ५९ | चन्द्रा कार्की | अ.न.मि. | सहायक चौथो | ९८६११७२३०५ |
| ६० | संजु चौधरी | अ.हे.व. | सहायक चौथो | ९८४५८९११९७४ |
| ६१ | मिन प्रसाद ढकाल | अ.हे.व. | सहायक चौथो | ९८४५९२९७३९ |
| ६२ | सबिता सिम्खडा | अ.न.मि. | सहायक चौथो | ९८४५२८९०६३ |
| ६३ | सिसन भाट | अ.न.मि. | सहायक चौथो | ९८४५८६४८२८ |

| क्र.स. | नाम,थर | पद | तह | सम्पर्क नं. |
|---|---|---|---|---|
| ६४ | निर्मला महतो | अ.न.मि. | सहायक चौथो | ९८४५४८०२५८ |
| ६५ | सिर्जना महतो | अ.हे.व. | सहायक चौथो | ९८४५३५५८१२ |
| ६६ | उपेन्द्र कुमार यादब | अ.हे.व. | सहायक चौथो | ९८४००४०८९३ |
| ६७ | सुजिता चौधरी | विमा क्लेम सहायक | सहायक चौथो | ९८६५२३९३८९ |
| ६८ | अप्सरा महतो | कम्प्युटर सहायक | सहायक चौथो | ९८२६२०५९९६ |
| ६९ | रेशम कुमार नेपाल | कार्यालय सहयोगी | पाचौ स्तर | ९८४५०६४७४८ |
| ७० | देबी बि.क | कार्यालय सहयोगी | श्रेणी बिहिन | ९८४५२३९०४२ |
| ७१ | गीता सिम्खडा | कार्यालय सहयोगी | श्रेणी बिहिन | ९८४५३४४९६२ |
| ७२ | अन्जली अर्याल | कार्यालय सहयोगी | श्रेणी बिहिन | ९८६४५१५५४४ |
| ७३ | उषा चौधरी | कार्यालय सहयोगी | श्रेणी बिहिन | ९८६५१५८७१७ |
| ७४ | कल्पना पाठक | कार्यालय सहयोगी | श्रेणी बिहिन | ९८४५१५२५४१ |
| ७५ | मिना देबी सापकोटा भुसाल | कार्यालय सहयोगी | श्रेणी बिहिन | ९८६५२३९३४२ |
| ७६ | झलक कुमारी श्रेष्ठ | कार्यालय सहयोगी | श्रेणी बिहिन | ९८११२१७६२ |
| ७७ | अरोज महतो | कार्यालय सहयोगी | श्रेणी बिहिन | ९८६५५०७०५४ |
| ७८ | सरस्वती तिमल्सिना | कार्यालय सहयोगी | श्रेणी बिहिन | ९८६०२४८१४२ |
| ७९ | सरस्वती कार्की | कार्यालय सहयोगी | श्रेणी बिहिन | ९८४५४९२०१६ |
| ८० | ओम कुमारी डल्लाकोटी | कार्यालय सहयोगी | श्रेणी बिहिन | ९८४५४४४२९४ |
| ८१ | रचना लोहनी | कार्यालय सहयोगी | श्रेणी बिहिन | ९८४५०४७४०० |
| ८२ | सुनम चौधरी | कार्यालय सहयोगी | श्रेणी बिहिन | ९८४८९५२९५७ |
| ८३ | गोकर्ण थापा | एम्बुलेन्स चालक | श्रेणी बिहिन | ९७६५२०००४४ |
| ८४ | रिमा दहित | कार्यालय सहयोगी | श्रेणी बिहिन | ९८१०३७५२७२ |
| ८५ | सुसिला चौधरी | कार्यालय सहयोगी | श्रेणी बिहिन | ९८४५३२१६०२ |
| ८६ | अमृता रैला | कार्यालय सहयोगी | श्रेणी बिहिन | ९८४५०७५४३४ |

## ४. निकायबाट प्रदान गरिने सेवाहरु :

नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ संघ र बागमती प्रदेश कानून बमोजिम स्थानीय तह सम्बन्धी जारी गरिएका ऐन, नियम तथा समय समयमा जारी हुने परिपत्रहरु एवं नगरपालिकाको स्थानीय कानुनहरु ( ऐन, नियमावली, कार्यविधि, निर्देशिका, मापदण्ड समेत), खैरहनी नगरपालिकाको अविछिन्न अभ्यासहरुको अधीनमा रही स्थानीय सरकारको रुपमा सेवा, सुविधाहरु प्रदान गरिरहेको छ।

## ५. सेवा प्रदान गरिने निकायको शाखा र जिम्मेवार अधिकारी :

यस नगरपालिकाले सेवा सुविधा प्रवाह गर्न शाखाहरु, १३ वटा वडा कार्यालयहरु रहेका छन्। नगरपालिकाको प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र सूचना अधिकारीको पदमा कार्यरत अधिकारीको विवरण खैरहनी नगरपालिकाको वेबसाइट www.khairahanimun.gov.np मा उल्लेख गरिएको छ।

## ६. सेवा प्राप्त गर्दा लाग्ने दस्तुर र अवधि :

यस नगरपालिकाले प्रदान गर्न विभिन्न प्रकारको सेवा सुविधामा लाग्ने शुल्क एवं कार्यमा लाग्ने समायवधी विवरण खैरहनी नगरपालिकाले हरेक आर्थिक वर्षका लागि नगर सभाबाट जारी हुने आर्थिक ऐन, नीति, कार्यक्रम बजेट, स्थानीय सरकार संचालन ऐन, २०७४, स्थानीय कानुन, नागरिक बडापत्र समेतबाट निर्धारण गरिन्छ। खैरहनी नगरपालिकाको वेबसाइट www.khairahanimun.gov.np मा समेत उल्लेख गरिएको छ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस नगरपालिकाको नगर सभा, नगर कार्यपालिकाको बैठक, संघिय तथा प्रदेश कानुन र स्थानीय ऐन, नियमावली कार्यविधि, निर्देशिका, मापदण्ड, प्रचलित अभ्यासहरु तथा समय समयमा हुने निर्णयहरुको अधिनमा रही तालुक मन्त्रालयको निर्देशन परिपत्रहरुको अधिनमा रही प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत मार्फत निर्देशित कार्यसम्पादन गर्नका निमित्त नगर सभाबाट संगठन संरचना अनुसारको पदिय जिम्मेवारीमा रहने कर्मचारीहरुको कार्यविवरण स्पष्ट तोकिएको छ। नगरपालिकाको नितिगत निर्णय लिने, आवश्यक मार्गदर्शन दिने र कार्यालयबाट हुने काम कारवाहीलाइ निरन्तर अनुगमन नियन्त्रण गर्ने कार्य नगर सभा र नगर कार्यपालिकाको वैठकले गरेको निर्णय, अनुगमन समिति, सहरी योजना आयोग, अनुगमन तथा मूल्याङ्कन एकाई र अन्य संस्थागत संयन्त्रबाट समेत हुने गरेको छ।

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

यस नगरपालिकाको काम कारवाही सम्बन्धमा सेवाग्राहीहरुको गुनासो तथा उजुरी सुन्नका लागि नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री विष्णु प्र. सापकोटालाई गुनासो सुन्ने अधिकारीको रुपमा तोकिएको छ।

## ९. सम्पादन गरेको कामको विवरण

### १. आर्थिक विकास

### १.१ कृषि

- गत आ.व. सम्ममा नगरको कुल सिंचित क्षेत्र ३४२७.२ हेक्टर रहेकोमा चालु आ.व. को यस अवधिमा १७५ हेक्टर थप सिचाई हुने गरि सिचाई कार्यक्रम संचालन तथा सम्पन्न भएको छ। गत आ.व. सम्ममा १५० वटा माटो परिक्षण गरिएकोमा चालु आ.व. को यस अवधि सम्ममा १२१ वटा माटोको नमुना परिक्षण गरिएको छ। गत आ.व. सम्म ५ वटा पकेट कार्यक्रम संचालन गरिएको मा चालु आ.व. को यस अवधिमा १ वटा पकेट कार्यक्रम निरन्तर चलिरहेको छ। गत आ.व. सम्ममा १४ वटा आई.पि.एम. कृषक पाठशाला संचालन गरिएकोमा चालु आ.व.को यस अवधिमा ४ वटा आई.पि.एम. कृषक पाठशाला संचालनमा रहेको छ। गत आ.व. सम्म ३ वटा वडामा किसान सुचिकरण कार्यक्रम गरिएकोमा चालु आ.व. मा २ वटा वडामा किसान सूचीकरण कार्यक्रम निरन्तर रहेको छ।

- चालु आ.व. को बैशाख मसान्त सम्ममा कृषि क्षेत्रको विकासका प्रवर्द्धनात्मक कार्यहरू भएका छन् । यस अवधिमा ५० प्रतिशत अनुदानमा कुल ८५३ जना कृषकलाई ३१,५०० के.जी. उन्नत चैते-५ धानको बिऊ वितरण गरिएको छ । कुल ६० जना कृषकलाई ७५ प्रतिशत अनुदानमा माटोको अम्लीयपन सुधारका लागि ३३,०५० के.जी. कृषि चुन उपलब्ध गराइएको छ । त्यसैगरि ३० वटा व्यवसायिक मौरीपालन गर्ने कृषकलाई कृषककै माग बमोजिम ५०% अनुदानमा २,०२३ थान मह भण्डारणका लागि प्रयोग हुने प्लाष्टिकको बाल्टिन वितरण गरिएको छ ।
- यसै अवधिमा कृषि योग्य जमिन नभएका बिपन्न/भूमिहीन कृषकलाई जग्गा भाडामा अनुदान दिने कार्यक्रम तर्फ आवेदन दिएका मध्ये अनुगमन गरि मापदण्ड भित्र पर्ने ५२ जना कृषक छनौट गरी कार्यक्रम अगाडि बढाईएको छ । साथै यसै अवधिमा २ थान मह प्रशोधन प्लान्ट स्थापना गरी सञ्चालनमा आएको छ ।

### १.२ पशुपालन

- ५०% अनुदानमा हिउदे (जैँ) घाँसको बीउ ५६९५ केजी ४८८ पशुपालक कृषकलाई र वर्षे घाँस टियोसेन्टीको बीउ १९९८.५ केजी, सुडानको बीउ २०१० केजी र बाज्राको बीउ ४९५.५ केजी ८९७ पशुपालक कृषकलाई वितरण गरिएको छ ।
- ५०% अनुदानमा पशुपालक कृषक र व्यवसायिक फर्म लाई ४६२ वटा काउ म्याट वितरण गरिएको छ । ५०% अनुदानमा थुनेलो रोग रोकथामको लागि पशुपालक कृषकलाई ९२ वटा टिट डिपिङ्ग कप वितरण गरिएको छ। बाख्राको नश्ल सुधारको लागि वोयर र जमुनापरीको गरि ९ वटा बोका व्यवसायिक फर्मको लाई अनुदानमा वितरण गरिएको छ ।व्यवसायीक फर्म विस्तारको लागी ३३ वटा गाई/भैंसी फर्मलाई ५० % लागत सहभागीतामा गोठ सुधार गरिएको छ । खुरफट्टा पशुको संक्रामक रोग खोरेतको नमुना संकलन गरी केन्द्रीय पशुपंक्षी रोग अनवेषण प्रयोगशाला, काठमाडौं पठाई परिक्षण गरी प्रमाणित गरिएको छ ( खै.न.पा-६ मा) ।
- पशु तथा मानव स्वास्थ्यमा प्राणघातक रोग रेबिजको नमुना संकलन गरी केन्द्रीय पशुपंक्षी रोग अनवेषण प्रयोगशाला, काठमाडौं पठाई परिक्षण गरी प्रमाणित गरिएको छ ( खै.न.पा-३ मा) ।पशुपन्छीको सरुवा रोग खोरेत गाई/भैसीमा ७५०० डोज खोप, बाख्रामा पि.पि.आरको १६,००० डोज खोप, गाई/भैसीमा लम्पी स्किन डिजिजको २,५०० डोज खोप लगाईएको छ ।रेबिज रोग बिरुद्धको खोप कुकुरमा Pre-exposure ९२४ डोज र गाई,भैसी,बाख्रामा Post-exposure ११० डोज खोप लगाईएको छ ।पशुको दिर्घकालिन रोग CTVT तथा Jaundice को सफल उपचार गरिएको छ ।कुकुरको माहामारी रोग Canine ParvoViral Enteritis को सफल उपचार गरिएको छ । पशुको आन्तरीक तथा वाह्य परजिविको नियन्त्रणको लागी नमुना परिक्षण गरी औषधी वितरण गरिएको छ ।
- प्रयोगशाला सेवा अन्तर्गत १३४६ वटा गोबरको नमुना परिक्षण, १२३ वटा दुधको नमुनाको CMT परिक्षण र ५३ वटा दुधको नमुनाको कल्चर, १८ वटा मत्स्य पोखरीको पानीको गुणस्तर परिक्षण गरिएको छ । २

वटा मत्स्य पोखरीको स्थलगत माटो परिक्षण गरिएको छ। एक दिने नि:शुल्क पशु स्वास्थ्य तथा बाँझोपन निवारण शिविर खैरहनी न.पा-३,गोठेश्वरमा सञ्चालन भएको जसमा पशुको परिक्षण गरि औषधी उपचार गरिएको छ।

- पशुमा देखिने Milk Fever, Ketosis र Downers Cow Syndrome लागेको पशुको उपचारको लागि पशुलाई उभ्याउन ५ वटा दुग्ध उत्पादक सहकारी संस्थालाई काउ लिफटर मेसिन खरिदमा ५० % अनुदानको लागी सम्झौता भई कामको प्रकृयामा रहेको छ। बिपन्न समुदायको आर्यआर्जन गर्न समुह मार्फत स्थानीय खरी बाख्रा बीउ पुजीको रुपमा बितरण गर्न ३ वटा समुह छनौट भई कामको प्रकृयामा रहेको छ।
- बिपन्न समुदायको आर्यआर्जन गर्न समुह मार्फत मुर्रा भैसीको पाडी बीउ पुजीको रुपमा बितरण गर्न ४ वटा समुह छनौट भई कामको प्रकृयामा रहेको छ।हाँसपालन बिस्तारको लागि समुह मार्फत स्थानीय हाँसको चल्ला बितरण गर्न ४ वटा समुह छनौट भई कामको प्रकृयामा रहेको छ। गाई/भैसी प्रवद्धन कार्यक्रम अन्तरगत प्रति लिटर दुधमा अनुदानको लागी दुग्ध उत्पादक सहकारी संस्था मार्फत आवेदन संकलन गरी अनुदान वितरणको प्रकृयामा रहेको छ।
- ४६१ जना कृषक तथा ५३ वटा फर्मलाई ५६९५ के.जि जै घाँसको बिऊ वितरण भएको छ भने ८९७ जना पशुपालक कृषक र व्यवसायिक फर्म लाई ५०% अनुदानमा ९४२ जना किसानलाई टियोसेन्टी, बाज्रा र सुडान घाँसको ३६०४ के.जी. बिऊ वितरण गरिएको छ। ५०% अनुदानमा ९२ जना पशुपालक कृषकलाई टिट डिपिङ्ग कप वितरण भएको छ। ५० प्रतिशत अनुदानमा गाई/भैसीको लागि ३६१ जना किसान तथा फर्मलाई ४६२ वटा काउ म्याट वितरण गरिएको छ। व्यवसायीक फर्म बिस्तारको लागि गाई भैसीको गोठ सुधार कार्यक्रमको लाभग्राही छनौट तथा सम्झौता भइ कार्यान्वयन भइरहेको छ।
- कठ्ठा क्षेत्रफल सम्मका माछा पोखरी बिस्तारको लागि नयाँ पोखरी निर्माणमा अनुदान, दुग्ध उत्पादक सहकारी संस्था लि.को लागी काउ लिफ्टर मेशिनमा अनुदान, बँगुर पालन हव बिस्तार, बाख्राको नश्ल सुधारको लागि उन्नत जातको बोका वितरण, हाँसपालन बिस्तारको लागि पकेट क्षेत्रमा हाँसको चल्ला वितरण, विपन्न समुदायमा आयआर्जनको लागि खरि बाख्रा वितरण, बिपन्न समुदायको आयआर्जनको लागि भैसिको पाडी वितरण समेतका कार्यक्रम कार्यान्वयनको लागि सार्वजनिक सूचना प्रकाशन गरी माग संकलन गरी कार्यान्वयनको चरणमा पुगेको अवस्था छ। नियमित रूपमा पशुहरूको मेडिकल उपचार र गोबर, दुध परीक्षण र दुध कल्चर सहितको प्रयोगशाला सेवा संचालन भईरहेको छ। यसै अवधिमा एक टिनोमाई कोसिस र CTVT (Canine Transmissible Veneral Tumor) समेत गरी पशुहरुको रोगको निदान तथा सफल उपचार गरिएको छ।
- चालु आर्थिक बर्षको यस अवधिमा २५०० पशुलाई खोरेत १५०० पशुलाई पी. पी. आर. तथा २२० पशुलाई रेबिज रोग विरुद्धको खोप सेवा उपलब्ध गराईएको छ। नियमित रुपमा पशुमा परजीवी परीक्षण गरी औषधी वितरण गरिएको छ।

## १.३ सिप विकास

- नगरपालिकामा गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत गत आ.व. मा ९७ जना विपन्न व्यक्तिहरुलाई तालिम प्रदान गरिएको छ भने चालु आर्थिक वर्षको बैशाख मसान्त सम्ममा जम्मा ५५ जना विपन्न व्यक्तिहरुलाई तालिम प्रदान गरिएको छ। यस अन्तर्गत सिलाईकटाई, व्युटीपार्लर, हाउसवायरिङ्ग, च्याउखेती, बङ्गुरपालन टायल मर्मत, ड्रागनफुर्ट लगायतका उत्पादन सम्बन्धी तालिम प्रदान गरिएको छ।

## १.४ श्रम तथा रोजगारी

- राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा कुल सक्रिय जनसङ्ख्या मध्ये ९३.०५ प्रतिशत अक्सर रोजगार र ६.९५ प्रतिशत जनसङ्ख्या अक्सर बेरोजगार रहेका छन।
- खैरहनी नगरपालिकामा प्रधामन्त्री रोजगार कार्यक्रम अन्तर्गत गत आर्थिक वर्षमा न्यूनतम रोजगारीको लागि दर्ता भएका कुल बेरोजगार व्यक्ति ४ सय ४८ रहेकोमा चालु आर्थिक वर्षको लागि जम्मा ४ सय ४२ सूचीकृत भएको देखिन्छ। न्यूनतम रोजगारी प्राप्त गरेका सूचीकृत बेरोजगार जनसंख्या गत आ.व. मा ५९ रहेकोमा चालु आ.व. को बैशाख मसान्त सम्ममा ७० पुगेको देखिन्छ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना संख्या गत आर्थिक वर्षमा १२ रहेकोमा चालु आ.व. को बैशाख मसान्त सम्ममा १० वटा मात्र रहेका छन्। प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको कार्यदिन गत आ.व. मा ५ हजार ६ सय ९१ रहेकोमा चालु आ.व. को बैशाख मसान्त सम्ममा ३ हजार ६ सय ४६ रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत खैरहनी नगरपालिकाको बजार क्षेत्रमा नियमित सरसफाई, वृक्षारोपण तथा मर्मत सम्भारका आयोजनाहरु संचालन गरिएको छ।
- वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई अनलाईन पुनः श्रम स्वीकृतीको सहजिकरण स्थानीय तहबाट नै हुने व्यवस्था पश्चात खैरहनी नगरपालिकाबाट गत आ.व. मा २५ जना व्यक्तिहरुको पुनः श्रम स्वीकृतीमा सहजिकरण गरिएकोमा चालु आ.व. को बैशाख मसान्तसम्म ३६७ जना व्यक्तिहरुको सहजिकरण गरिएको छ। साथै वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता सम्बन्धमा नियमित परामर्श गरिएको छ।
- वैदेशिक रोजगार बोर्डको सचिवालयले प्रदान गर्ने कल्याणकारी सेवाहरु (मृत्यु क्षतिपूर्ति, विरामी र अंगभंग क्षतिपुर्ति लगायत) अन्तर्गत गत आ.व. मा जम्मा २ जना व्यक्तिहरुको सिफारिस गरिएकोमा चालु आ.व. को बैशाख मसान्तसम्ममा ४ जना व्यक्तिहरुको सिफारिस गरिएको छ।

## १.५ बजार अनुगमन

- खैरहनी नगरपालिकामा गत आ.व. र चालु आ.व. मा नियमित बजार अनुगमन भैरहेको छ। अनुगमनका क्रममा नियम विपरित कार्य गरेको देखिएका व्यवसायिलाई सचेत गराउने देखि कारबाहीका लागि सिफारीस गर्ने कार्य भएको छ।
- बजार क्षेत्रमा होटल तथा रेष्टुरेण्ट, किराना पसल, फेन्सी पसल, हार्डवयर, कस्मेटिक पसल र औषधी पसलको अनुगमन गरिएको थियो। चालु आ.व. को बैशाख मसान्तसम्म जम्मा १७ पटक बजार अनुगमन गरिएको छ।

### १.६ पर्यटन

- यस नगरपालिकाको वडा नं. ४ को कंकाली सामुदायिक वन, कुचुकचे सामुदायिक वन, दराइबोटे ताल, कुमरोज सामुदायिक वन, पर्यटकीय हिसाबले प्रख्यात स्थलहरु हुन । विगतमा नगरपालिकाले कुमरोज सामुदायिक वन भित्र भ्यूटावर निर्माण, दराइबोटे ताल निर्माण तथा कंकाली सामुदायिक वनमा दुई वटा भ्यूटावर निर्माण गर्न तथा कुचुकचे सामुदायिक वनमा पैदल मार्ग तथा जिप सफारीको लागि मार्ग निर्माण गर्न अर्थिक सहयोग गरेको थियो । स्थानीय पर्यटकीय सम्भावनालाई पहिचान तथा प्रवर्धन गर्न वातावरण बाखा मार्फत विभिन्न निकायहरुसंग समन्वय गरी निरन्तर रुपमा नगरपालिकाको आवश्यक कार्यक्रमहरु संचालन गरेको छ ।
- पर्यटन प्रवर्द्धन अन्तर्गत चालु आर्थिक वर्षमा वडा नं ५ मा शान्ती पार्क तथा वडा नं १३ मा पुष्पलाल स्मृती पार्क निर्माण गरिएको छ ।

## २. सामाजिक विकास

### २.१ स्वास्थ्य तथा पोषण:

- स्वास्थ्य सेवालाई सहज र प्रभाबकारी बनाउन नगर अस्पताल, स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, नागरिक आरोग्य केन्द्र र तथा खोप केन्द्रहरू रहेका छन् । स्थानीयस्तरमा उपलब्ध स्वास्थ्य सेवाका अतिरिक्त विशेषज्ञ तथा विशिष्ठकृत सेवाका लागि बकुलहर रत्ननगर (प्रादेशिक) अस्पताल तथा भरतपुर अस्पताल (संघीय अस्पताल) लगायतका जिल्लास्थित मेडिकल कलेजहरु र अन्य निजी तथा सामुदायिक अस्पतालहरुमा जाने प्रचलन रहेको छ । समग्रमा स्वास्थ्य तथा पोषण क्षेत्रका आधाभूत सूचकहरूमा सुधार हुँदै गएको छ । गत आ.व. मा दुई वर्ष मुनिका कम तौल हुने बालबालिका संख्या ०.८२ प्रतिशत रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा घटेर ०.४७ पुगेको छ । लक्षित संख्याका आधारमा प्रोटोकल अनुसार चार पटक पुर्वप्रसूती सेवा प्राप्त गर्ने महिलाहरूको संख्या सेवा प्राप्त गर्ने गर्भवती महिला संख्या गत आ.व. मा १०० प्रतिशत रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा ७३ प्रतिशत पुगिसको छ । घरमै सुत्केरी हुने महिला संख्या गत आ.व. मा ० प्रतिशत रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा पनि ० प्रतिशत नै रहेको छ । नगरपालिकाले पोषणमैत्री नगर ३ वर्षभित्र घोषणा गर्ने तयारी गरेको छ ।
- स्थानीय स्तरमा १ मात्र अस्पताल (खैरहनी नगर अस्पताल) वडा नं. ६ पुरानो पर्सामा रहेको छ । अन्य स्वास्थ्य संस्थाहरूमा ३ वटा स्वास्थ्य चौकी, ९ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र र आयुर्वेद तथा वैकल्पिक चिकित्सा सेवा प्रदान गर्ने एउटा नागरिक आरोग्य केन्द्र वडा नं. १२ कुमरोजमा रहेको छ । स्वास्थ्य संस्थामा हाल ९० जना स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरु कार्यरत रहेका छन् । यस क्षेत्रमा २१ वटा खोप क्लिनिक समेत सञ्चालनमा रहेका छन् । कार्यरत महिला स्वास्थ्य स्वयम सेविका संख्या ३६ रहेको छ । खैरहनी नगर अस्पतालबाट हाडजोर्नी रोग, स्त्री तथा प्रसुती रोगको विस्तारित सेवा समेत संचालनमा रहेको छ ।

- कठार स्वाथ्य चौकीको नयाँ भवनको भुइतल्ला बरावरको निर्माणको कार्य सम्पन्न भइसकेको छ। यसै आ.ब को अन्तिममा कार्य सम्पन्न गरी नयाँ भवनबाट सेवा प्रवाह गर्ने लक्ष्यसाथ कार्य भइरहेको छ।
- नेपाल सरकारको सशर्त कार्यक्रम तथा नगरपालिकाको चालु कार्यक्रमबाट आधारभुत स्वाथ्य सेवा प्रदानको लागि आवश्यक निशुल्क औषधिहरु खरिद गरी सबै स्वास्थ्य संस्थाहरुमा पुऱ्याईएको छ। अन्य औषधी तथा उपकरणको आवश्यक व्यवस्था गरिएको छ।
- अत्याधुनिक नगर अस्पताल निर्माणको लागि अस्पतालको नयाँ भवनको संरचनागत निर्माण कार्य अन्तिम चरणमा पुगेको छ। खैरहनी नगर अस्पताल, चैनपुर स्वास्थ्य चौकी र कुमरोज स्वास्थ्य चौकीबाट प्रयोगशाला सेवा निरन्तर रुपमा प्रवाह भइरहेको छ। खैरहनी नगर अस्पतालको आफ्नै एम्बुलेन्स सेवा संचालन भइरहेको छ। खैरहनी नगर अस्पतालबाट बिस्तारित स्वास्थ्य सेवा अन्तर्गत महिला तथा प्रसुती रोग बहिरङ्ग सेवा प्रत्येक बिहिबार, हाडजोर्नी रोग बहिरङ्ग सेवा प्रत्येक मंगलबार र शुक्रबार, भिडियो एक्स-रे सेवा प्रत्येक बुधबार र शुक्रबार संचालन भइरहेको छ।
- "बा आमा स्वास्थ्य कार्यक्रम " को पहिलो चरण अन्तर्गत स्वास्थ्यकर्मीहरुद्वारा घर-घर गएर १६८० जना बा र २०८३ जान आमा गरि जम्मा ३७६३ जना बा आमाहरुको स्वास्थ्य जाँच गरिएको छ। नगरपालिकाको विपन्न स्वास्थ्य बिमा अनुदान कार्यक्रम अन्तर्गत २८५ जना विपन्न परिवारको स्वास्थ्य बिमा गरिएको छ। क्षयरोग मुक्त नगरपालिका अभियान अन्तर्गत नगर स्तरीय क्षयरोग मुक्त समिति र वडा स्तरीय समिति गठन भइ कार्यक्रमको संस्थागत संरचना तयार भइ कार्यान्वयनको चरणमा रहेको छ।
- चालु आ.व.को बैशाख मसान्तसम्म खैरहनी नगर अस्पतालबाट ३२,५०२ जना सहित नगरभरिका स्वास्थ्य संस्थाबाट जम्मा ९१,६४९ (लगभग १ लाख ) जनालाई सेवा प्रदान गरिएको छ। विश्व मृगौला दिवसको सन्दर्भमा मिति २०८०।१२।०१ र २०८०।१२।०२ गते खैरहनी नगरपालिकाको वार्ड नं.२,६,१० र १२ मा संचालित मृगौला जाँच अभियान सञ्चालन गरी २०५१ जना नगरबासीहरुको रगतमा यूरिया र क्रियटिनको मात्रा जाँच गरिएको छ, जसमध्ये १६ जनालाइ थप चेकजाँचका लागि सिफारिस गरिएको छ।
- यस अबधीसम्म ४,३९४ जना गर्भवती महिला तथा बालबालिकाहरुलाई खोप सेवा प्रदान गरिएको छ।दादुरा रुबेला खोप अभियान अन्तर्गत १७,६६४ जना ९ महिनादेखि १५ वर्षसम्मका बालबालिकाहरुलाई दादुरा रुबेला खोप प्रदान भएको छ।
- यसै अवधीमा खैरहनी नगरपालिकाको विभिन्न वडाहरुमा आयूर्वेद सेवा शिविर सञ्चालन गरिएको छ। शिविरबाट ८६३ जना नगरबासिले निशुल्क परामर्श तथा आयुर्वेदिक औषधी प्राप्त गर्नु भएको छ। ३६ औं विश्व एड्स दिवसको अवसरमा ३६ जनाको निशुल्कः एच्. आइ.भी. जाँच गरिएको छ। २० औं महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको अवसरमा सबै ३६ जना म.सा.स्व.से. हरुलाई विशेष सम्मानको साथै ४ जना उत्कृष्ट म.सा.स्वा.स्व.से.हरुलाई पुरस्कृत गरिएको छ। चालु आ.व. को यस अवधीसम्म ६९ जना नगरबासीहरुलाई विपन्न नागरिक औषधी उपचार कार्यक्रम मार्फत् निशुल्कः उपचारको लागि सिफारिस गरिएको छ।
- उप-प्रमुखसँग गर्भवती तथा सुत्केरी स्याहार कार्यक्रम अन्तर्गत ८६ जना गर्भवती महिलाहरुलाई निशुल्कः पूर्व-प्रसुति सम्बन्धी आधारभुत प्रयोगशाला जाँच सेवा, ५२ जनालाई निशुल्कः भिडियो एक्स-रे सेवा र १४ जनालाई निशुल्कः एम्बुलेन्स सेवा प्रदान गरिएको छ भने यसै अवधी भित्र नगर अस्पतालबाट १७ जनाले सुरक्षित प्रसुति सेवा लिनु भएको छ। चालु आ.व.को यस अवधीमा ३५६ जना सुत्केरी महिला तथा नवजात शिशुलाई घरमै गएर स्वास्थ्य जाँच गरि उत्तर-प्रसुती सेवा प्रदान गरिएको छ।

- वडा नं १ र वडा नं ४ मा मनोसामाजिक परामर्शको कार्यक्रम सञ्चालन भइरहेको छ। यस अवधी भित्र नगरभित्र सञ्चालनमा रहेका निजी तथा सार्वजनिक स्वास्थ्य संस्थाहरुको अनुगमन गरिएको छ।

**२.२ स्वास्थ्य विमा :**

- स्वास्थ्य बीमा कार्यक्रम स्वास्थ्य सेवा उपयोगको क्रममा हुने अनियोजित खर्चको जोखिमलाई अग्रीम व्यवस्थापन गर्दै वित्तीय संरक्षण प्रदान गर्ने अवधारणाका साथ सामाजिक सुरक्षाको एक महत्वपूर्ण कार्यक्रमका रुपमा रहेको छ। यस कार्यक्रमले सर्वव्यापी स्वास्थ्यको पहुँच (Universal Health Coverage, UHC) प्राप्ती तर्फ नेपाललाई अग्रसर बनाउँदै सन् २०३० सम्ममा दिगो विकास लक्ष्य प्राप्त गर्न महत्वपूर्ण भूमिका खेल्ने आशा लिएको छ। खैरहनी नगरपालिकाले यस आ.वको चैत्र मसान्त सम्म ९७५ जनाको निशुल्क विमा गरेको छ।

**२.३ खानेपानी**

- यस क्षेत्रमा स्थानीय स्तरमा विभिन्न खानेपानी आयोजनाहरु कार्यान्वयनमा रहेका छन्। खानेपानी आयोजनाको नियमित मर्मत सम्भार कार्यलाई व्यवस्थित गर्दै लगिएको छ। खानेपानी आयोजनाको मर्मत सम्भार तथा व्यवस्थापनका लागि कर्मचारीको व्यवस्था तथा आवश्यक तालिम उपलब्ध गराइएको छ।
- खानेपानी आयोजनाको व्यवस्थापनका लागि उपभोक्ता समिति दर्ताको अभ्यास थालनी भएको छ। यसको लागि जलउपयोग सम्बन्धी नगरपालिकाले कार्यविधी निर्माण गरी कार्य गर्दै आएको छ।
- औषतमा खानेपानी संकलनको लागि १० मिनेटसम्म समय खर्चनु पर्ने देखिएको छ। नगरभित्र रहेको कुल घरधुरीको ८६ प्रतिशत घरधुरीमा आधारभूत तहको खानेपानी सुबिधा उपलब्ध रहेको छ। स्वच्छ खानेपानी उपलब्ध रहेको घरपरिवार संख्या ८२ प्रतिशत मात्र रहेको छ।
- आधारभूत खानेपानी सुबिधा उपलब्ध घरपरिवार संख्या गत आर्थिक वर्षमा ८३ प्रतिशत रहेकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा ८६ प्रतिशत रहेको देखिन्छ। स्वच्छ खानेपानीमा पहुँच हुने घरपरिवार संख्या गत आ.व. मा ७६ प्रतिशत रहेकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा ८२ प्रतिशत पुगेको देखिन्छ । चालु आ.व. मा थप १ सय २२ नयाँ धारा जडान भएका छन्।
- वडा नं १० र ११ मा खानेपानी विस्तारको लागी पूर्वाधार निर्माण गर्ने योजना कार्यन्वयन भइरहेको छ। यसै अवधिमा खानेपानी सम्बन्धी कार्यविधी निर्माण गरिएको छ।

**२.४ सरसफाई**

- सरसफाईको क्षेत्रमा गुणात्मक सुधार हुँदै गएको यस नगरपालिका खुला दिशामुक्त क्षेत्र घोषणा भइसकेको छ। यस क्षेत्रमा कुल १० वटा सार्वजनिक शौचालयहरू रहेका छन्। कुल ९८प्रतिशत घरधुरीमा शौचालय रहेकोमा ९६ प्रतिशत घरधुरीमा सेफ्टिटयाङ्क सहितको शौचालय रहेको छ।
- शौचालय भएका घरपरिवार संख्या गत आ.व. मा ९६.९ प्रतिशत रहेकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा ९८ प्रतिशत पुगेको देखिन्छ । व्यवस्थित वाटरशिल प्यान भएका शौचालय हुने घरपरिवार संख्या गत आ.व. मा ७६.१ प्रतिशत रहेकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा ७८ प्रतिशत

पुगेको देखिन्छ। सार्वजनिक शौचालयको संख्या गत आ.व. मा १० रहेकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा १० वटा नै रहेको छ।

### २.५ युवा तथा खेलकुद

- नगरपालिकाले युवाहरूका लागि स्वरोजगार बन्ने, उद्यमी बन्ने तथा बजारको मागअनुसारको जनशक्तिमा रूपान्तरणका कार्यक्रमहरू कार्यान्वयनलाई प्राथमिकता दिएको छ। नगरभित्र विभिन्न खेलमा रुचि भएका खेलाडीहरूको खेल क्षमता विकासका कार्यक्रम सञ्चालन गरिएको छ । खैरहनी नगरपालिका गुणस्तरीय खेल मैदान, प्रशिक्षण, व्यायामशाला, कवर्डहल आदिको विकास तर्फ अग्रसर रहेको छ।
- नगर क्षेत्रमा खेलकुद व्यवस्थापनको लागी नगर खेलकुद समिती निर्माण गरिएको छ । राष्ट्रिय प्रशिक्षकमार्फत प्रशिक्षण हुने गरेको। राष्ट्रिपति रनिङशिल्ड प्रतियोगिता, मेयर कप फुटवल तथा महिला भलिवल आयोजना हुने गरेको छ। खेलाडी सम्मानका कार्यक्रम नियमित हुने गरेका छन्। विगत २ वर्षमा खेल क्षेत्रको विकासका लागि १ वटा खेल मैदान स्तरउन्नति र १ वटा नव निर्माण भएको छ ।
- युवा स्वरोजगारी तथा सक्षमता विकासका लागि हरेक वर्ष विभिन्न कार्यक्रमहरु कार्यक्रम सञ्चालन हुँदै आएका छन्। गत आर्थिक वर्षमा २८० जनालाई विभिन्न तालिम उपलब्ध गराइएकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा ३ सय २१ जनालाई यस खालको तालिम उपलब्ध गराइएको छ । चालु आ.व. मा नै युवा लक्षित गरी वडा नं ८ र ३ मा ८१ जनाका लागि लोक सेवा परीक्षा तयारी कक्षा सञ्चालन भएको छ ।
- चालु आ.व. को चैत्र मसान्त सम्ममा युवा चेतनाका लागि विभिन्न कार्यक्रम सञ्चालन गरिएको छ। मुख्य बजार क्षेत्र र नगरपालिका विभिन्न स्थानमा युवा लक्षित विभिन्न कार्यक्रम सञ्चालन भएको छ। दुर्वेसन विरुद्ध युवा सचेतना सम्बन्धी फिल्म तयार गरी विद्यालय र बजार क्षेत्रमा प्रदर्सनको तयारी गरिएको छ। हरेक महिना युवा परामर्श कार्यलाई निरन्तरता दिइएको छ।
- नगरपालिकाको आन्तरिक कार्यविधि अनुसार युवा क्लव गठनको कार्य अगाडि बढाइएको छ।
- फुटबल रेफ्रि ट्रेनिङ कार्यक्रम सञ्चालन गरी ३१ जनालाई तालिम उपलब्ध गराइएको छ। खैरहनी नगरपालिका भित्रका विद्यालयहरुको सहभागितामा राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता सम्पन्न भएको छ।
- चितवन जिल्ला स्तरीय राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगितामा खैरहनी नगरपालिकाले दोस्रो स्थान प्राप्त गरेको छ। नगर स्तरीय मेयरकप फुटबल, भलिवल र ब्याडमिण्टन प्रतियोगिता सम्पन्न भएको छ। नगरपालिकाले संचालन गरेको ५ किलोमिटर दूरीको रोडरेस प्रतियोगिता सम्पन्न भएको छ। मैत्रीपूर्ण शिक्षक भलिवल प्रतियोगिता सञ्चालन गरिएको छ। कर्मचारी र जनप्रतिनिधिहरु बीचको मैत्रीपुर्ण फुटबल प्रतियोगिता सञ्चालन भएको छ।
- प्रदेश राष्ट्रिय स्तरीय प्रशिक्षण प्राप्त खेलाडी संख्या गत आ.व. मा ९० रहेकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा ९८ पुगेको छ । खेल प्रशिक्षक संख्या गत आ.व. मा २१ रहेकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा ३० रहेको देखिन्छ । नगर क्षेत्रमा आयोजना हुने वार्षिक खेल संख्या

गत आ.व. मा १३ रहेकोमा चालु आ.व.को बैशाख मसान्त सम्ममा १६ भएको देखिन्छ । खेल मैदानको कुल संख्या गत आ.व. मा २१ रहेकोमा चालु आ.व.को चैत्र मसान्त सम्ममा २२ पुगेको छ । नगरपालिकामा हाल सम्म कभर्ड हल निर्माण हुन सकेको छैन् भने र व्यायामशाला संख्या २ रहेकोमा चालु आ.व. को बैशाख मसान्त सम्ममा पनि समान संख्यामा रहेको छ।

## २.६ महिला, बालबालिका र जेष्ठ नागरिक

- समाजमा विद्यमान कुप्रथा र कुरितिको अन्त्य गर्दै हिंसामुक्त नगर निर्माणमा प्रयासहरू भइ रहेका छन् । लक्षित वर्गका लागि सीप विकास तथा रोजगारीका अवसर वृद्धि गर्ने कार्यक्रमहरू सञ्चालन गरिएको छ । विपन्न एकल महिला, अपांगता भएका व्यक्ति तथा दलितका लागि निःशुल्क स्वास्थ्य बीमाको कार्यक्रम सञ्चालन गरिएको छ । यस नगरपालिकामा महिलाको पाठेघरको मुखको क्यासर स्क्रिनिङलाई नियमित गरिएको छ । नगरपालिकालाई बालमैत्री नगर घोषणा गरिसकिएको छ । लक्षित वर्ग स्वास्थ्य बीमा, क्षमता विकास र स्वरोजगार कार्यक्रम सञ्चालनमा रहेका छन् । हरेक वर्षको ८ मार्चमा सूर्योदय आमा (जेष्ठ आमा) घोषणा गर्ने गरिएको छ । हिंसा पिडित महिला कोषमा रु. २ लाख र विपद्मा रहेका बालबालिका कोषमा रु. २ लाख रहेको छ ।
- गत आ.व. मा अपांगता भएका ४८ जना व्यक्तिलाई सहायक सामाग्री वितरण गरिएकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा २६ लाई उपलब्ध गराइएको छ । अपाङता भएका १ सय ८६ महिलालाई गत आ.व तथा चालु आ.व. मा निशुल्क सेनेटरी प्याड उपलब्ध गराइएको छ । गत आ.व. मा कृतिम खुट्टा ११ जनालाई उपलब्ध गराइएकोमा चालु आ.व. को बैशाख मसान्त सम्ममा ३ जनालाई यस खालको सहयोग उपलब्ध गराइएको छ ।
- गत वर्ष सम्म अपाङ्गमैत्री शौचालय ४ वटा निर्माण गरिएकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा एक घरमा यस्तो शौचालय निर्माणमा सहयोग उपलब्ध गराइएको छ । चालु आ.व. मा यातायात व्यवसायीलाई मानव बेचविखन सम्बन्धी अभिमूखीकरण गरिएको छ ।
- चालु आर्थिक वर्षमा फागुन मसान्त सम्म १९७ जना नगरबासीलाई ज्येष्ठ नागरिक कार्ड वितरण भएको छ । ४४ जना नगरवासीलाई अपाङ्गता कार्ड वितरण भएको छ । यस अवधिमा २१ जनालाई ह्वील चियर वितरण गरिएको छ । १ जनालाई सेतो छडी वितरण भएको छ । ज्येष्ठ नागरिक मञ्च समन्वय समिति गठन कार्यविधि २०८०, खैरहनी नगरपालिकाको आमा समूह गठन तथा परिचालन कार्यविधि,२०८० निर्माण भइ कार्यपालिकाबाट स्वीकृत भएको छ ।
- यसै अवधिमा अन्तरराष्ट्रिय ज्येष्ठ नागरिक दिवसको अवसरमा श्री वृन्दावन असहाय वृद्धा आश्रमका ज्येष्ठ नागरिकहरूलाई सम्मान गरि खाद्यान्न वितरण भएको छ । बाल दिवसको अवसरमा मेयरसंग बालबालिका शीर्षकमा अन्तरकृया कार्यक्रम सञ्चालन भएको छ । बालमैत्री स्थानीय शासनको नीतिगत अवलम्बन सम्बन्धी नगरस्तरीय अभिमूखिकरण कार्यक्रम सञ्चालन गर्न लागिएको छ ।अन्तराष्ट्रिय महिला दिवसमा प्रधानमन्त्री रोजगार अन्तर्गत काम गर्ने ६१ श्रमिक महिलाहरुलाई सम्मान गरिएको छ।

- चितवन उद्योग संघ खैरहनी समिति महिला उद्धमी मञ्चसंगको सहकार्यमा अटिजम सम्बन्धी ५० जना सरोकारवालाहरुलाई अभिमूखिकरण कार्यक्रम प्रदान गरिएको छ। दृष्टिविहिन लाई लोकसेवा तयारीको लागि १ जनालाइ ल्यापटप वितरण गरिएको छ भने अपाङ्गताको क्षेत्रमा कार्य गर्ने ५ जना ब्यक्तिलाइ सम्मान गरिएको छ ।
- लैङ्गीक हिंसा बिरुद्ध १६ दिने अभियान सञ्चालन गरिएको छ ।१३ वटै वडामा नै जेष्ठ नागरिक वडास्तरीय समिति गठन गरिएको छ ।
- सहभागितात्मक लेखाजोखा विधिवाट व्यवसाय छनौट तथा कार्ययोजना तयारी कार्य २ स्थानमा सञ्चालन गरिएको थियो । वडा नं. ६ र ८ का विपन्न महिलाहरुका लागि ३ दिने करेसाबारी (कौसी) सम्वन्धी सीप विकास तालिम सम्पन्न गरिएको थियो ।
- विपन्न,महिलाहरुका लागि व्यवसाय स्थापना खर्च अनुदान प्रति व्यक्ति रु १००००।- का दरले ४० जनालाई उपलब्ध गराईएको थियो ।
- अपाङ्गता समन्वय समितिद्धारा परिचय पत्र वितरण वैठक संचालन तथा २१ जनालाई परिचयपत्र विरतण गरिएको थियो । नवनिर्वाचित महिला जनप्रतिनिधिहरुलाइ ३ दिने नेतृत्व तथा कानुनी शिक्षा तालिम सञ्चालन गरिएको थियो । जसमा २१ जना जनप्रतिनिधहरूको सहभागिता रहेको थियो । जम्मा ३९ जना जेण्डर फोकल पर्सन शिक्षक एवं स्कुल नर्सहरुलाई महिला बालबालिकाका कानुनी अधिकार सम्वन्धि ३ दिने तालिम सञ्चालन गरिएको थियो ।
- जनप्रतिनिधि र कर्मचारीहरुलाई सकरात्मकसोच शक्ति सम्बन्धी ३ दिने तालिम सम्पन्न गरिएको थियो । महिला पत्रकारिता तालिम सम्पन्न गरिएको थियो । जसमा २१ जना प्रशिक्षार्थीहरूको सहभागिता रहेको थियो । जम्मा २७ जना विपन्न दलित अपाङ्ग र अन्य महिलाहरुका लागि ६० दिने लोक सेवा तयारी कक्षा सम्पन्न गरिएको थियो । विभिन्न राष्ट्रिय अभियानहरू अन्तर्गत ४ वटा दिवसीय कार्यक्रमहरू अपाङ्ग दिवस लैंगिक हिंसाविरूद्ध १६ दिने अभियान महिला दिवस मानव बेचविखन विरूद्धको दिवस विभिन्न कार्यक्रमहरू गरी मनाईएको थियो । खैरहनी नगरपालिका क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिहरूमध्ये २० जनालाई व्हीलचेयर वितरण गरिएको थियो ।
- सर्वपक्षीय सरोकारवालाहरू जम्मा १०० जना सम्मिलित बालमैत्री नगर निर्माणका लागि स्थानीय शासन सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिएको थियो । आमाबाबु विहीन ५ जना बालबालिकाको लागि शिक्षा तथा स्वास्थ्योपचारका लागि रू ९६०००।- सहयोग वितरण गरिएको थियो । लैंगिक हिंसा निवारण कोष तथा स्थानीय बालबालिका कोषमा जम्मा रू १।१ लाख गरि पालिकाबाट जम्मा हुँदै आएकोमा उक्त दुवै कोषमा आ व २०७९।८० सम्ममा रू ३। ३ लाख रूपैयाँ जम्मा भएको थियो ।

### २.७ व्यक्तिगत घटना दर्ता

- राष्ट्रिय जनगणना २०७८ अनुसार जन्मदर्ता भएका बालबालिकाको संख्या ७३.२ प्रतिशत रहेको छ । गत आ.व. मा जन्म दर्ता भएका बाल बालिका संख्या १६ सय १० रहेकोमा चालु आ.व. को बैशाख मसान्त सम्ममा १ हजार ०४ मात्र रहेको छ । गत आ.व.मा भएका व्यक्तिगत घटना दर्ता संख्या ३ हजार

३ सय ३० रहेकोमा चालु आ.व. को बैशाख मसान्त सम्ममा २ हजार ३ सय ९५ दर्ता भएका छन् ।

- सामाजिक सुरक्षालाई प्रभाबकारी गराउन अन्तर–सरकार साझेदारीमा कार्यक्रमहरू सञ्चालनमा रहेका छन् । जन्म दर्तालाई सहज तुल्याउन जन्म दर्ता शिविर सञ्चालन गरिएको छ । असक्त जेष्ठ नागरिकलाई ह्वि चियर र टोइलेट चियर वितरण गरिएको छ। हाल सम्म कुल ७ सय ६० जनालाई अपाङ्ग परिचय पत्र र ४ हजार ६२ जनालाई जेष्ठ नागरिक परिचय पत्र वितरण गरिएको छ।
- चालु आ.व. को चैत्र मसान्त सम्ममा सामाजिक सुरक्षा कार्यक्रममा समाहित जनसंख्या ६ हजार ३ सय ७ पुगेको छ। सामाजिक सुरक्षामा आवद्ध जनसंख्या गत आ.व. मा ११.२४ प्रतिशत रहेकोमा चालु आ.व. को चैत्र मसान्त सम्ममा १३.३४ पुगेको छ। चालु आ.व. को चैत्र मसान्त सम्ममा सामाजिक सुरक्षामा रु. १९ करोड २४ लाख ७५ हजार ११० रुपैँया रहेको देखिन्छ।

## २.८ शिक्षा

- खैरहनी नगरपालिकामा रहेका कुल विद्यालय संख्या ४९ रहेको छ। जस मध्ये सामुदायिक तर्फ विद्यालय संख्या २७ रहेको छ भने संस्थागत तर्फ विद्यालय संख्या २२ रहेको छ। खैरहनी नगरपालिका भित्र बाल बिकास केन्द्र संख्या ४३ वटा, सामुदायिक विद्यालय अन्तर्गत आधारभूत तह (१–३) अन्तर्गत संचालित बिद्यालय संख्या २ वटा, आधारभूत तह (१-५) अन्तर्गत संचालित बिद्यालय संख्या १२ वटा, आधारभूत तह (१–८) ७ वटा, माध्यमिक तह (१–१०) ६ वटा र माध्यमिक तह (१–१२) ५ वटा रहेका छन्। संस्थागत विद्यालय तर्फ आधारभूत तह (१–५) अन्तर्गत संचालित बिद्यालय संख्या ३ वटा, आधारभूत तह (१–८) अन्तर्गत संचालित बिद्यालय संख्या ४ वटा, माध्यामिक तह (१–१०) अन्तर्गत संचालित बिद्यालय संख्या १३ वटा र माध्यमिक तह (१–१२) अन्तर्गत संचालित बिद्यालय संख्या ३ वटा रहेका छन् । सामुदायिक बिद्यालय तर्फ विद्यालयहरूमा कुल विद्यार्थी संख्या ७७४३ रहेकोमा छात्रा तर्फ ३८३७ र छात्र तर्फ ३९०६ रहेका छन्। सामुदायिक विद्यालयमा आधारभूत तह (१-५) मा कार्यरत शिक्षकहरूको कुल संख्या १३६ जना, आधारभूत तह (६-८) मा कार्यरत शिक्षकहरूको कुल संख्या ४३ जना, माध्यमिक तह (९-१०) मा कार्यरत शिक्षकहरूको कुल संख्या ३४ जना, माध्यमिक तह (११-१२) मा कार्यरत शिक्षकहरूको कुल संख्या ७ जना, बाल बिकास सहजकर्ता संख्या ४३ जना, विद्यालय सहायक कर्मचारी ६ जना र विद्यालय सहयोगी कर्मचारी संख्या ४३ रहेको छ । खैरहनी नगरपालिका भित्र संचालित सामुदायिक बिद्यालयहरुमा कक्षा १ देखि कक्षा १२ सम्म कार्यरत जम्मा शिक्षक, कर्मचारीहरुको संख्या ३१२ जना रहेको छ। शैक्षिक क्षेत्रका समग्र सूचकहरूमा सुधार हुँदै गएको छ। शिक्षा क्षेत्रका सूचकहरूमा गत आ.व. र चालु आ.व.को चैत्र मसान्त सम्मको अवस्थालाई देहाएको तालिकामा प्रस्तुत गरिएको छ।
- चालु आर्थिक वर्षमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न नगरपालिका भित्रका सामुदायिक विद्यालयमा ५८ जना युवा स्वयंसेवक शिक्षक व्यवस्थापन गरी कक्षा सञ्चालन भएको छ। आधारभूत तह (१-५ ) मा ४४ जना, आधारभूत तह (६-८ ) मा ९ जना र माध्यमिक तह (९-१०) मा २ जना युवा स्वयंसेवक शिक्षकलाई तहगत र विषयगत रुपमा नियुक्त गरिएको छ।

- नगरपालिका भित्रका २९ जना विपन्न परिवारका जेहेन्दार कक्षा ११ मा अध्ययनरत विद्यार्थीको लागि नगरपालिकाबाट ५ प्रतिशत र विद्यालयबाट ५ प्रतिशत छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम अन्तर्गत नगरपालिकाबाट विद्यार्थी छनौट गरी विद्यालयमा सिफारिस गरिएको छ।
- २१ वटा सामुदायिक विद्यालयमा प्रधानाध्यापक नियुक्ति गरी ५ वर्षे करार सम्झौता गरिएको छ। यसले विद्यालय व्यवस्थापनलाई चुस्त बनाउँदै शैक्षिक गुणस्तर अभिवृद्धिमा योगदान पुग्ने अपेक्षा गरिएको छ।
- विपन्न, जेहेन्दार तथा मेधावी विद्यार्थीहरुलाई आफ्नै नगरभित्र विज्ञान विषयमा कक्षा १२ सम्म अध्ययन गर्ने अवसर प्रदान गर्न यसै वर्षवाट खैरहनी माध्यमिक बिद्यालयमा कक्षा १२ सम्म विज्ञान विषयको अध्ययन अध्यापन सुरुवात भएको छ।
- खैरहनी नगरपालिका वडा नं. ८ मा संचालित श्री राष्ट्रिय आधारभूत बिद्यालय मगनिमा विज्ञान प्रयोगशाला र दिव्यज्योती आधारभूत बिद्यालयमा हर्नरीमा कम्प्यूटर ल्याब स्थापना भएको छ।
- "अतिरिक्त कक्षा र गृहकार्य कक्षा सञ्चालन सम्बन्धी कार्यविधि, २०८०" निर्माण भइ २८ स्थानमा गृहकार्य कक्षा सञ्चालन भइरहेको छ भने Six to Six (अतिरिक्त कक्षा व्यवस्थापन-कक्षा ८-१०) कार्यक्रम १३ बिद्यालयमा सञ्चालन गरिएको छ। अतिरिक्त कक्षा र गृहकार्य कक्षा सञ्चालनबाट विद्यार्थीको सिकाई उपलब्धी अभिवृद्धि भएको यस शैक्षिक सत्रको अन्तिम नतिजाबाट समेत देखिएको छ।
- वडा नं १० र २ मा स्थापना गरिएको खुल्ला व्यायामशाला (Open Jim) लाई वडा नं ११, १२, ४ र ६ मा पनि विस्तारको लागि यसै आर्थिक वर्ष भित्र कार्य सम्पन्न गर्ने गरी कार्यसम्पादन भइरहेको छ।
- सामाजिक विकास समिति अन्तर्गतका ५२ वटा धार्मिक स्थल तथा संघसस्था र २४ वटा सामुदायिक विद्यालय र १ पुस्तकालय गरी जम्मा विभिन्न ७७ वटा योजनाहरु छनौट भइ कार्यान्वयनको भएको छ।
- सामुदायिक विद्यालयहरूको आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गर्ने कार्य सम्पन्न भएको छ। विद्यालय तहको परीक्षा सञ्चालन भई नतिजा प्रकाशन भइसकेको छ। शैक्षिक उपलब्धिमा आधारित शिक्षक प्रोत्साहन कार्यक्रम (10 to 4 Incentive Programme) को लागि कार्यविधि निर्माण गरी यसै बर्ष कार्यन्वयनमा गएको छ।
- खैरहनी नगरपालिका भित्रका सामुदायिक विद्यालयका बिद्यालय ब्यबस्थापन समितिका अध्यक्ष र शिक्षक अभिभावक संघका अध्यक्षहरुलाई २ दिने क्षमता बिकास तालिम र नगरपालिका भित्र संचालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयमा EMIS र IT सम्वन्धि कार्य गर्ने ४९ जना प्रधानाध्यापक तथा श्रोत शिक्षकहरुलई EMIS र IT सम्वन्धि क्षमता विकास तालिम प्रदान गरिएको छ।
- निशुल्क तथा अनिवार्य शिक्षा प्रदान गर्ने नगरपालिका घोषणाको लागि खैरहनी नगरपालिका छनौट भई २०८१ असार १५ भित्र निशुल्क तथा अनिवार्य शिक्षा प्रदान गर्ने नगरपालिका घोषणा गर्ने गरी कार्यक्रम सञ्चालन भइरहेको छ।
- बालविकास देखि कक्षा ६ सम्मका जम्मा ४९६५ जना विद्यार्थी दिवाखाजा कार्यक्रमबाट लाभान्वित भएका छन्।
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम मार्फत विद्यालय भवन निर्माण र ICT Lab निर्माणको कार्यक्रम सञ्चालन ४ कोठे भवन २ वटा र ICT Lab २ वटा विद्यालयमा तयार भएको छ। राष्ट्रिय योजना

आयोगको कार्यक्रमबाट माध्यामिक बिद्यालय गवैमा ८ कोठे भवन निर्माण सम्पन्न भएको छ भने तराई मधेश समवृद्धि कार्यक्रमबाट राष्ट्रिय आधारभूत बिद्यालय बस्यौलीको ४ कोठे भवन निर्माण भएको छ।

- विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रम अन्तर्गत Library, Science Lab को कार्यक्रम अन्तरगत विद्यालयमा विज्ञान प्रयोगशाला १ र पुस्तकालय १ तयार भएको छ।
